# अनुसन्धानमा शोध अन्तराल

**बाबुराम आचार्य (विद्यावारिधि)**
प्राध्यापक,
नेसंवि, जनता विद्यापीठ, बिजौरी, दाङ, नेपाल
baburam01acharya@gmail.com

https://doi.org/10.3126/haimaprabha.v25i01.96673

***सारसङ्क्षेप***

*प्रस्तुत आलेख अनुसन्धानात्मक लेखका सन्दर्भमा पूर्वकार्यको अध्ययन र शोध अन्तरालको धारणासँग सम्बन्धित छ । अनुसन्धानको क्षेत्रमा प्रचलित ढाँचाको उपयोग गरी त्यसैका आधारमा तयार पारिने लेखमा पनि प्राज्ञिक समस्याको सप्रमाण समाधान खोजिने भएको हुनाले यो तथ्यपूर्ण, विशिष्ट र प्राज्ञिक हुन्छ । माथिल्ला तहका ठुला अनुसन्धानमा जस्तै थोरै समयको अध्ययनले सानो आयाममा प्रस्तुत गरिने अनुसन्धानका लागि पनि पूर्वकार्यको समीक्षा र शोध अन्तरालको पहिचान प्रमुख आधार हो । अनुसन्धान कार्यमा शोध अन्तरालको सही पहिचान गर्नु महत्त्वपूर्ण र चुनौतीपूर्ण पनि छ । प्रस्तुत अध्ययन शोधअन्तरालको धारणासहित त्यसको पहिचान गर्ने आधारहरू खोज्ने उद्देश्यमा केन्द्रित रहेको छ । पुस्तकालयसम्बद्ध कार्यबाट सङ्कलित सामग्री उपयोग गरी विषयको तथ्यपरक विश्लेषण गरिएको यो लेख गुणात्मक अनुसन्धानमा आधारित छ । लेखमा सबै संरचक तत्त्वहरूको उत्तिकै महत्त्व रहन्छ तापनि पूर्वकार्यको अध्ययन र शोध अन्तरालको खोजीको काम प्रारम्भिक चरणमै गरिने भएको हुनाले उपशीर्षक वा शब्दका रूपमा राख्नैपर्ने बाध्यकारी मान्यता नभए पनि परिवर्तित सन्दर्भमा विद्यावारिधि तहको अनुसन्धानको तहमा मात्र होइन अनुसन्धानात्मक लेखमा पनि पूर्वकार्यको सङ्क्षिप्त विवरणसहित शोध अन्तरालको सङ्केत गर्नु सामयिक हुने निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** अध्ययनपत्र, पर्यालोचन, प्राज्ञिक, रिक्त, समीक्षा

## विषय परिचय

आलेखको शीर्षकमा रहेका अनुसन्धान, शोध र अन्तराल शब्द कतिपय अवस्थामा फरक सन्दर्भमा प्रयेग हुन सक्ने भए तापनि यहाँ यी तीनओटा शब्द एकअर्कासँग सम्बन्धित अर्थमा प्रयोग भएका छन् । अनुसन्धान शब्द व्यवस्थित रूपमा नयाँ कुराको खोज गर्ने प्रक्रियाँग सम्बन्धित छ । यसले निश्चित विधि र सिद्धान्तको अवलम्बन गरी भइरहेको वा पुरानै मान्यतालाई पनि परिमार्जन गरेर समयसापेक्ष बनाउन सघाउँछ । शोध शब्द शुद्धि, संस्कार, खोज, अनुसन्धान आदि धेरै अर्थसँग सम्बन्धित छ । परम्परागत विषयमा विधिवत् परिमार्जन वा संशोधन गरी नयाँ नतिजा वा उपलब्धि प्राप्त गर्ने प्रक्रिया पनि अनुसन्धान नै भएको हुनाले यस सन्दर्भमा शोध र अनुसन्धान पर्यायवाची शब्द हुन् । अन्तराल शब्दले कुनै दुई बिन्दुको बिचको (खाली/रिक्त) अवस्थालाई बुझाउँछ । यस्तो रिक्त (Gap) अवस्था अनुसन्धान वा शोधसँग सम्बन्धित भएको हुनाले शोध अन्तराल (Research Gap) भनिएको हो । अब के कुरा स्पष्ट हुन्छ भने सम्पन्न भइसकेका खोजकार्यमा के गर्न बाँकी छ त्यो कुरा पत्ता लगाउने अनि त्यसैमा टेकेर मात्र नयाँ कार्यको थालनी गर्नुपर्ने हुन्छ । अर्थात् पहिलेका शोधकर्ताले समाधान गर्न

बाँकी रहेको काम नै शोध अन्तराल (रिसर्च ग्याप) हो । कुनै विषयमा समाधान गर्नुपर्ने प्राज्ञिक जिज्ञासाको अन्तराल वा रिक्तता नै भेटिएन भने त्यहाँ शोधकार्य अगाडि बढ्न सक्दैन । त्यसैले अनुसन्धान कार्यमा शोध अन्तरालको सही पहिचान गर्नु जति महत्त्वपूर्ण छ त्यतिकै चुनौतीपूर्ण पनि छ ।

विषय र विधिका आधारमा मात्र होइन समय तथा आयामका आधारमा पनि अनुसन्धान विभिन्न प्रकारका हुन्छन् । चार पाँच वर्षमा सम्पन्न गरिने विद्यावारिधि स्तरीय अध्ययन, आठ दस वर्षमा पूरा गरिने ठुला तथा दीर्घकालीन महत्त्वका परियोजनामूलक अध्ययन, निश्चित शैक्षिक तह पार गर्न तथा ससाना परियोजना कार्य सम्पन्न गर्नका लागि तीन महिनादेखि एक वर्षसम्मको समयमा गरिने अध्ययन यी सबै अनुसन्धान कार्य हुन् भने दुई चार हप्ताको समयमा निश्चित विधि र ढाँचामा तयार गरिने एउटा लेख पनि अनुसन्धान कार्य नै हो । सामग्री वा तथ्याङ्क सङ्कलनदेखि विश्लेषणसम्म अनुसन्धानकै प्रक्रियाअनुसार प्रस्तुत गरिने भएको हुनाले यसप्रकारको सिलसिलाबद्ध र व्यवस्थित प्रस्तुतिलाई अनुसन्धानात्मक वा अनुसन्धानमूलक लेख भनिएको हो । कुनै निश्चित ढाँचाको अवलम्बन गरेर तयार पारिने यस प्रकारको लेख आत्मकेन्द्रित वर्णनात्मक वा विवरणात्मक प्रकृतिको नभएर कुनै प्राज्ञिक जिज्ञासालाई सैद्धान्तिक आधारमा तर्क र प्रमाणसहित समाधान खोज्ने प्रयास गरिएको हुन्छ र विशिष्ट हुन्छ ।

अन्तराल सबै प्रकारका अनुसन्धानमा महत्त्वपूर्ण र आधारभूत तत्त्व भएर पनि यसलाई शीर्षक वा उपशीर्षकमा राखेर देखाउनुपर्ने अङ्गका रूपमा चर्चा गरेको पाइँदैन । चर्चा भए पनि नभए पनि पहिले पहिलेका अनुसन्धानकार्य पनि शोध अन्तरालमै टेकेर सम्पन्न भएका देखिन्छन् । प्रत्यक्ष रूपमा शब्दमा व्यक्त नगरिए पनि अनुसन्धान गरिने विषय शीर्षक र समस्या कथनमै अप्रत्यक्ष रूपमा शोध अन्तराल व्यक्त भएको हुन्छ, किनकि शोध गरिने विषयको शीर्षक नयाँ, विशिष्ट र समस्यामूलक हुनुपर्छ भन्ने मान्यता स्पष्ट छ । पछिल्लो केही समययता भने यसका बारेमा चर्चा हुन थालेको पाइन्छ । यस क्रममा श्रेष्ठ (२०७७) ले शोध अन्तरालको विस्तृत र व्यवस्थित चर्चा गरेका छन् भने घर्ती (२०८०) ले पनि यसको सामान्य सङ्केत गरेका छन् । यिनमा पनि लेखका सम्बन्धमा अन्तराल शब्दमै उल्लेख गर्न आवश्यक छ कि छैन भन्ने सन्दर्भमा केही उल्लेख गरिएको पाइँदैन । पछिल्लो समयका विद्यावारिधि तह (नेसंवि) का शोधप्रबन्धमा भने शोध अन्तराल वा शोध रिक्तताका बारेमा पूर्वकार्यको समीक्षापछि एकदुई वाक्यमा उल्लेख गरेको पाइन्छ । अनुसन्धानमूलक भनेर प्रकाशित लेखहरूमा त अहिलेसम्म पनि अन्तरालसम्बन्धी चर्चा गरेको पाइँदैन र प्रयोग पनि गरेको भेटिँदैन । केही समययता विभिन्न अनुसन्धानसम्बन्धी गोष्ठी तथा कार्यक्रमहरूमा यसबारे निकै चर्चा गर्ने गरेको पाइन्छ । विश्वविद्यालयहरूमा शिक्षकहरूको छनोट गर्दा लिइने अन्तर्वार्तामा पनि शोध अन्तरालको बारेमा प्रश्न सोधिन्छ । शोधप्रबन्धमा अन्तराल स्पष्ट उल्लेख हुनैपर्छ भनेर चर्चा र वहस गरे पनि लेखमा भने त्यसरी स्पष्ट शब्दमा यसको अन्तराल यो हो भनेर उल्लेख गरेको पाइँदैन । विज्ञसमीक्षाका लागि पठाइएका कतिपय लेखहरू शोध अन्तराल नै समावेश गरिएन भनेर विज्ञले टिप्पणी गरेको कुरा पनि सुनिन्छ । यहाँ जिज्ञासा उत्पन्न हुन्छ- जुन विषयको चर्चा यति व्यापक छ त्यसको प्रयोग (लेखमा) शून्यप्राय: देखिन्छ, किन होला ? वास्तवमा प्रत्यक्ष रूपमा शब्दमा व्यक्त नगरिएको भए पनि अप्रत्यक्ष रूपमा शीर्षक र त्यसको समस्या कथनबाट नै अन्तराललाई सङ्केत गर्न खोजेको बुझ्न सकिन्छ ।

अन्तराल सम्बद्ध विषय क्षेत्रसँग सम्बन्धित पूर्वकार्यको अध्ययन नगरी पहिचान गर्न सकिँदैन । सामान्यतया अनुसन्धानात्मक लेखमा शीर्षक, सार, विषय परिचय, अध्ययन विधि, सैद्धान्तिक अवधारणा, विषय विश्लेषण, निष्कर्ष र

सन्दर्भसूची राख्नैपर्ने शीर्षक र उपशीर्षक हुन् भने लेखको विषयप्रकृति र पत्रिका प्रकाशन गर्ने संस्थाको मान्यताअनुसार कतिपय उपशीर्षकभित्र अन्य उपउपशीर्षक पनि राखिएका हुन्छन् । पाण्डेय (२०७६) को 'अनुसन्धानमूलक लेखको संरचना' शीर्षकको लेखमा पनि अन्तराल नै भनेर तोकिएको छैन र पूर्वकार्यको समीक्षालाई पनि आवश्यक मानिएको छैन । यसरी आवश्यक मात्र होइन अनिवार्य नै छ भनेर छलफल र चर्चा गरिने तर लेखमा नराखी प्रकाशन गरिने शोध अन्तराल के हो र त्यसको पहिचान कसरी गर्न सकिन्छ भन्ने समस्याको समाधान खोज्ने उद्देश्यमा केन्द्रित यस आलेखबाट जुनसुकै प्रकारको शोध गर्न चाहने शोधार्थीलाई शोध अन्तरालको अवधारणासहित त्यसको महत्त्वको बारेमा जानकारी प्राप्त हुने अपेक्षा गरिएको छ ।

**पूर्वकार्यको समीक्षा**

खनाल (२०७२) ले शैक्षिक अनुसन्धान पद्धति शीर्षकको कृतिमा 'अनुसन्धान समस्या' उपशीर्षकअन्तर्गत सम्बन्धित क्षेत्रमा अहिलेसम्म हुन नसकेका अनुसन्धानबाट समस्याको पहिचान गर्न सकिन्छ भन्ने विचार प्रस्तुत गरेका छन् । यसमा अहिलेसम्म हुन नसकेका अनुसन्धानबाट समस्याको पहिचान गर्न सकिने कुराबाट अन्तराललाई सङ्केत गरिएको छ ।

पोखरेल (२०७३) ले 'संस्कृत वाङ्मयको शोधविधि' शीर्षकमा पूर्वकार्य समीक्षाका आधारमा आफूले रोजेका विषयमा अरू कसैले पनि शोधकार्य गरेको छैन भन्ने कुराले शोधको औचित्य प्रमाणित हुने कुरा उल्लेख गरेका छन् । यसमा कसैले नगरेको विषयमा भन्ने कुरा नै अन्तरालका रूपमा प्रस्तुत भएको छ ।

पौडेल (२०७३) ले 'शोधप्रस्ताव लेखन र पूर्वकार्य समीक्षा' लेखमा शोध अन्तराल (रिसर्च ग्याप) थाहा पाउनु पूर्वकार्य समीक्षाको उपयोगिता भएको कुरा उल्लेख गरेका छन् ।

घोडासैनी (२०७७) को 'विज्ञसमीक्षित लेखको आधारभूत ढाँचा' लेखमा शीर्षकदेखि सन्दर्भसूचीसम्मका विभिन्न उपशीर्षकहरूको विवरणसहित एपिए (२०१०) अनुसारको ढाँचा भनेर पनि प्रस्तुत गरिएको भए पनि पूर्वकार्यको समीक्षा र शोध अन्तरालका सम्बन्धमा भने केही उल्लेख पाइँदैन ।

श्रेष्ठ (२०७७) ले साहित्यको अनुसन्धान व्यवस्थापन (अनुसन्धान दर्शन) कृतिमा 'शोध अन्तरालको सम्बोधन-संयन्त्र' र 'सम्बोधन-संयन्त्रको रणनीति' दुईवटा अध्याय शीर्षकमा अन्तरालबारे विस्तृत चर्चा गरेका छन् ।

घर्ती (२०८०) ले अनुसन्धान पद्धति: सिद्धान्त र प्रयोग कृतिमा पूर्वकार्यको समीक्षाले अनुसन्धान अन्तराल ठम्याउन मद्दत पुग्ने कुरा बताएका छन् ।

दहाल र निरौला (२०७५) ले 'अनुसन्धान विधि' कृतिमा पूर्वकार्यले शोधार्थीलाई समस्या पहिचान गर्न, सम्बन्धित अनुसन्धानको स्थिति पहिचान गर्न र तत्कालीन अवस्थामा विद्यमान विरोधाभाष र समस्याका विषयमा सूचना प्रदान गरी सम्बन्धित विषयको शोध स्थितिलाई प्रस्ट्याउन सक्ने धारणा प्रस्तुत गरेर शोध अन्तरालको सङ्केत गरेका छन् ।

लम्साल र खनाल (२०७५) ले अनुसन्धान विधि कृतिको 'पूर्वकार्य पुनरावलोकनको उपयोगिता' उपशीर्षकमा पहिले भएका अध्ययनहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धान क्षेत्रहरू पत्ता लगाउन पूर्वकार्यको पुनरावलोकन उपयोगी हुने कुरा बताएर शोध अन्तरालको सङ्केत गरेको पाइन्छ ।

मल्ल (२०६०) ले 'अनुसन्धान-प्रतिवेदनको संरचना र शैली' शीर्षकको लेखमा विभिन्न व्यक्तिहरूले सुझाएका अनुसन्धान प्रतिवेदनमा हुनुपर्ने अङ्गहरूको विभिन्न ढाँचा प्रस्तुत गरेका छन् । त्यसै गरी पाण्डेय (२०७६) ले 'अनुसन्धानमूलक लेखको संरचना', लम्साल (सन् २०२३) ले 'प्राज्ञिक लेखनका अभिलक्षण र तत्त्वहरू', भुसाल (सन २०२४) ले 'प्राज्ञिक लेखनको सैद्धान्तिक अवधारणा', नेपाल (२०७८) ले 'अनुसन्धानमूलक लेख के हो र कसरी लेखिन्छ' र पराजुली (२०७८) ले 'प्राज्ञिक लेखनमा विज्ञ समीक्षाको महत्त्व' शीर्षकहरूमा अनुसन्धानात्मक लेखको बारेमा चर्चा गरेका छन् । यी कार्यमा शोध अन्तरालको बारेमा भने केही उल्लेख पाइँदैन । जनता विद्यापीठ अनुसन्धान व्यवस्थापन एकाइद्वारा प्रकाशित हुने 'हैमप्रभा'का विभिन्न अङ्क तथा प्राध्यापक सङ्घद्वारा प्रकाशित हुने 'सारस्वतप्रभा' पत्रिकाका विभिन्न अङ्कमा अनुसन्धानात्मक लेख र विज्ञ समीक्षाका बारेमा लेखहरू प्रकाशित भएका छन् ।

अधिकारी र तिवारी (२०८१) ले शास्त्री चौथो वर्षका लागि प्रकाशित 'अनुसन्धानपद्धति' कृतिमा पूर्वकार्यमा रहेका न्यूनता, अपूर्णता वा कुनै पनि प्रकारको रिक्तता नै शोध अन्ताराल हो भनेर स्पष्ट उल्लेख गरेका छन् ।

उपर्युल्लिखित अनुसन्धानसम्बन्धी कृति तथा लेखहरूमध्ये मल्ल (२०६०), खनाल (२०७२), पोखरेल (२०७३), दहाल र निरौला (२०७५), लम्साल र खनाल (२०७५), पाण्डेय (२०७६), घोडासैनी (२०७७), नेपाल (२०७८), पराजुली (२०७८), लम्साल (सन् २०२३) र भुसाल (सन २०२४) ले अनुसन्धान प्रतिवेदनको संरचना, अनुसन्धान समस्या, पूर्वकार्य समीक्षा र प्राज्ञिक लेखनका तत्त्व, सिद्धान्त आदिका बारेमा धेरै कुरा उल्लेख गरेको भए पनि अनुसन्धानात्मक लेखका सन्दर्भमा पूर्वकार्यको समीक्षा र शोध अन्तरालको बारेमा प्रत्यक्ष रूपमा कुनै कुरा उल्लेख गरेको पाइँदैन । श्रेष्ठ (२०७७) र घर्ती (२०८०) ले पनि शोधपत्र र शोधप्रबन्धका लागि प्रस्तुत गरिने अनुसन्धान प्रतिवेदनका सन्दर्भमा पूर्वकार्य र शेध अन्तरालबारे चर्चा गरेका छन् तर अनुसन्धानात्मक लेखका सन्दर्भमा आवश्यक पर्छ वा पर्दैन केही उल्लेख गरेका छैनन् ।

माथिका पूर्वकार्यहरूको अध्ययनबाट के कुरा बुझ्नु आवश्यक हुन्छ भने अनुसन्धानात्मक लेख पनि थोरै समय लगाएर सम्पन्न गरिने सानो आकारको अनुसन्धान नै भएको हुनाले शोध अन्तराल भनेर छुट्टै उपशीर्षक वा शब्दमा व्यक्त नगरे पनि लेखको शीर्षकको समस्या र त्यसको विशिष्टताबाट नै अरूभन्दा भिन्न छ र नयाँ छ भन्ने सङ्केत पाइन्छ । यी कार्यहरूको अवलोकनबाट यस लेखका लागि शोध अन्तरालसम्बन्धी धारणा बनाउन सहयोग प्राप्त भएको छ । साथै शोध अन्तराललाई उपशीर्षकमा राखेर देखाउन वा शब्दमा व्यक्त गर्नका लागि भने पूर्वकार्यको समीक्षा राख्नैपर्ने हुन्छ भन्ने निष्कर्षमा पुग्न पनि सहयोग पुगेको छ ।

शोधपत्र र शोधप्रबन्धमा पूर्वकार्यको समीक्षालाई अनिवार्य तत्त्व मानिँदै आएको र पछिल्लो समयमा शोधप्रबन्धका सन्दर्भमा शोध अन्तराल पनि हुनुपर्छ भन्ने सीमित व्यक्तिले उल्लेख गरेको पाइन्छ तापनि अनुसन्धानात्मक लेखका सन्दर्भमा पूर्वकार्यको समीक्षा र शोध अन्तरालको कसैले अध्ययन गरेको र उल्लेख गरेको पनि पाइँदैन । यसैलाई शोध अन्तराल (रिसर्च ग्याप) मानेर यो अध्ययन प्रस्तुत गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत आलेख तयार गर्नका लागि निम्नानुसारको विधि अवलम्बन गरिएको छ :

**अनुसन्धानको ढाँचा :** अनुसन्धानात्मक अध्ययनका सन्दर्भमा शोध अन्तरालको उपयोग, महत्त्व तथा पूर्वकार्य समीक्षासँग शोध अन्तरालको समन्वयात्मक विशेषताहरूको विश्लेषणमा आधारित भएको हुनाले यो गुणात्मक प्रकृतिको अध्ययन हो ।

**जनसङ्ख्या र नमुना छनोट :** प्रस्तुत अध्ययनको विषयमा जनमत सर्वेक्षणलाई आधार बनाइएको छैन । यसमा सोद्देश्यमूलक नमुना छनोट पद्धतिको उपयोग गरी अनुसन्धानात्मक अध्ययनका सन्दर्भमा शोध अन्तराललाई शोध्य विषय बनाइएको छ ।

**सामग्री सङ्कलन :** प्रस्तुत लेख तयार पार्नका लागि पुस्तकालयको उपयोग गरी विभिन्न पुस्तक तथा पत्रिकाहरूको अध्ययन गरेर सामग्री सङ्कलन गिरएको छ ।

**सामग्री सङ्कलनका साधन :** यस अध्ययनमा शोध तथा अनुसन्धान विधि र तिनको प्रयोगसम्बन्धी द्वितीय स्रोतका विभिन्न पुस्तक र पत्रिकाहरूका साथै विद्युतीय माध्यमको समेत उपयोग गरेर सम्बद्ध विषय प्रस्तुत गरिएको छ ।

**सामग्री विश्लेषण प्रक्रिया :** प्राप्त समग्रीलाई वर्णन व्याख्या तथा तथ्यपरक विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयत्न गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

विषय प्रकृति र अध्ययन विधिका आधारमा त अनुसन्धान धेरै प्रकारका भएजस्तै आकारप्रकार तथा अध्ययनमा लाग्ने समयका आधारमा पनि साना ठुला गरी विभिन्न प्रकारका हुन्छन् । जुनसुकै प्रकारको अनुसन्धान भए पनि त्यसको निश्चित संरचना हुन्छ । संरचनामा आउने तत्त्वहरू सबै दृश्य रूपमै शब्दमा वा शीर्षक उपशीर्षकमा व्यक्त हुन्छन् भन्ने छैन । अनुसन्धानात्मक लेख पनि थोरै समयमा तयार गरिने एक प्रकारको लघु अनुसन्धान नै हो । यस सन्दर्भमा कतिपय महत्त्वपूर्ण तत्त्वहरू भाषेतर रूपमा पनि प्रस्तुत भएका हुन्छन् । अरू लेखका तुलनामा अनुसन्धानात्मक लेखमा तथ्यपरक वर्णन हुन्छ, उदाहरणसहितको विश्लेषण हुन्छ र प्रमाणसहितको पुष्टि हुन्छ, यसै आधारमा यो विशिष्ट हुन्छ । पुराना ज्ञानको पर्यालोचन गर्दै नयाँ ज्ञानको खोजी गरिने भएको हुनाले यो प्राज्ञिकतासँग पनि सम्बन्धित हुन्छ, त्यसैले अनुसन्धानात्मक लेख लेख्ने कार्यलाई प्राज्ञिक लेखन पनि भनिन्छ ।अन्य अनुसन्धानजस्तै यस्तो लेख पनि समस्यामूलक, विशिष्ट र नवीन शीर्षकमा आधारित हुन्छ । प्राविधिक दृष्टिले पनि यो व्यवस्थित हुन्छ । भावातिरेक तथा कल्पनाको उडान र आत्मपरक लेखनको यसमा स्थान रहँदैन । तथ्यपरक सत्य, तर्क र प्रमाणसहितको व्याख्या र वैज्ञानिक तथा प्रविधिमैत्री प्रस्तुति अनुसन्धानात्क लेखका विशेषता हुन् । यसमा प्रविधिसम्बद्ध संरचना हुन्छ । पाण्डेय (२०७६) का अनुसार अनुसन्धानात्मक लेखमा शीर्षक, लेखसार, मुख्य पद, विषय परिचय, समम्या र उद्देश्य, अध्ययन विधि र अवधारणात्मक ढाँचा, परिभाषीकरण, परिसीमा, सामग्रीको अर्थापन, अर्थापनको प्रक्रिया र निष्कर्षीकरण र सामान्यीकरण जस्ता मुख्य संरचक तत्त्वहरू रहन्छन् । लेखको सन्दर्भमा पूर्वकार्यको समीक्षा र शोध अन्तराललाई समावेश गर्नुपर्ने कुरालाई आवश्यक ठानेनन् र उल्लेख गरेनन् भनेर बुझ्न सकिन्छ, तर आवश्यक छैन र उल्लेख गर्नु पर्दैन पनि भनेका छैनन् ।

अनुसन्धानात्मक लेखमा पनि पूर्वकार्यको अध्ययन र समीक्षा गरी अध्ययन गर्न लागेको विषय र सम्बन्धित क्षेत्रमा अध्ययन भइसकेका कार्यको तुलनात्मक रिक्तता खोजी शोध अन्तराल उल्लेख गर्नुपर्छ भन्ने आशयका औपचारिक अनौपचारिक छलफल र वहसहरू चल्न थालेका छन् । लेखकै सन्दर्भमा शोध अन्तरालको सैद्धान्तिक चर्चा र त्यसको प्रयोग

भएको लेख कतै प्राप्त नभए पनि शोधपत्र र शोधप्रबन्धका लागि निर्धारित मान्यतालाई सैद्धान्तिक आधार मानेर विषय विश्लेषण गर्न सकिन्छ । यस क्रममा श्रेष्ठ (२०७७) का अनुसार अनुसन्धान गर्नका लागि देखिने खाली ठाउँ नै शोध अन्तराल हो । अन्तराल नै कतै देखिएन भने अनुसन्धान सम्भव हुँदैन । पूर्वकार्यको पर्यावलोकन वा सम्बन्धित साहित्यको सर्वेक्षण नै शोध अन्तरालको स्रोत पत्ता लगाउने मार्गचित्र हो । घर्ती (२०८०) ले पूर्वकार्यको अध्ययनबाट प्राप्त निष्कर्षको समीक्षा र आफ्नो अध्ययन क्षेत्रसँग अन्तराल देखाउनुपर्ने कुरा उल्लेख गरेका छन् । यस आलेखमा अन्तरालका लागि दयाराम श्रेष्ठ र शीर्षकदेखि निष्कर्षसम्मका अन्य एकाइहरूमा ताराकान्त पाण्डेय, विद्यापीठको सूचनामा प्राप्त ढाँचा र शोधकर्ताको आफ्नै पूर्वकार्यलाई सैद्धान्तक आधार मानेर विषय विश्लेषण गरिएको छ ।

## विषय विश्लेषण

अनुसन्धान कार्यको औपचारिक थालनी गर्नुपूर्व नै सम्बन्धित विषयक्षेत्रमा के कस्ता कार्यहरू सम्पन्न भइसकेका छन् भन्ने कुराको सर्वेक्षण गरी अध्ययन गर्न बाँकी रहेका कुरा (शोध अन्तराल) पत्ता लगाउने काम गरिन्छ र त्यसैका आधारमा शीर्षक र समस्या छनोट गरेपछि मात्र अध्ययनलाई अगाडि बढाइन्छ । त्यसैले यसमा पूर्वकार्यको अध्ययन, शोध अन्तराल, अन्तराल पहिचान गर्ने आधारहरू र अनुसन्धान प्रतिवेदन वा लेखमा शाब्दिक रूपमा उल्लेख गर्नुपर्ने कुराको निर्क्योल प्रस्तुत गरिएको छ ।

### पूर्वकार्यको अध्ययन

आफ्नो अनुसन्धान कार्य सम्पन्न हुनुभन्दा पहिले सम्बन्धित विषय क्षेत्रमा कसले, कहिले, के शीर्षकमा, कसरी अध्ययन गरेको छ र के निष्कर्ष निस्केको छ भन्ने कुराको अध्ययन गरिन्छ वा सम्बन्धित अध्ययनको समीक्षा गरी यी कुराहरू उल्लेख गरिन्छ र आफ्नो अध्ययनलाई त्यसबाट के सहयोग प्राप्त हुन सक्छ त्यसको पनि सङ्केत गर्नुपर्ने हुन्छ । पूर्वकार्यका विभिन्न सामग्रीको अध्ययन गरिए पनि प्रतिवेदनमा भने आफ्नो शोधशीर्षक र शोधसमस्यासँग सम्बन्धित सामग्रीलाई मात्र प्रस्तुत गर्दा उचित हुन्छ । यस क्रममा उक्त पूर्वकार्यमा के कुराको कमी छ वा अन्तराल के देखिन्छ त्यसलाई पनि स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने हुन्छ । यहाँनेर पूर्वकार्यको अध्ययन र शोध अन्तराल शोध शीर्षक र समस्यासँग सम्बन्धित छन् भन्ने कुरा स्पष्ट हुन्छ ।

### शोध अन्तराल

शोध अन्तराल नै अनुसन्धान कार्यको मुख्य आधार हो । अन्तराल भनेको बिचको अवस्था मात्र नभई *रिक्त (खाली)* अवस्था हो । अङ्ग्रेजी भाषामा यसैलाई *रिसर्च ग्याप* भनिन्छ । शोध समस्यामा विषय क्षेत्र, शोध अन्तराल र शोध्य विषय जस्ता तत्त्वहरू रहन्छन् र हालसम्म जानकारीमा नआएको र समाधान नभएको विषय (समस्या) लाई नै शोध अन्तराल भनिन्छ (अचार्य, २०८१) । यो आफूले गर्न लागेको अध्ययन र पहिलेकाले गरिसकेको अध्ययनका बिचको रिक्त/खाली अवस्था (ग्याप) हो । सम्बद्ध विषयमा कुन कुन पक्षको अध्ययन भैसक्यो कुन पक्षको अध्ययन हुन बाँकी छ भन्ने तथ्य पत्ता लगाएर त्यही बाँकी रहेको विषयमा समस्याको पहिचान गरिन्छ । जस्तै हवाइ यातायातमा यात्रा गर्नका लागि यात्रु बस्ने सिट खाली छ भने मात्र टिकट काटेर यात्रा गर्न सकिन्छ, खाली/रिक्त छैन भने टिकट नै काट्न सकिँदैन, कसैले झुक्यानमा परेर काटिहाल्यो भने पनि यात्रा गर्न त सम्भव छैन । पुन: अर्को खाली सिटवाला जहाजको टिकट काटेर मात्र यात्रा गर्न सकिन्छ ।

अनुसन्धान पनि यस्तै हो; आफूले छनोट गरेको विषय क्षेत्रको समस्याका बारेमा अरू कसैले अनुसन्धान कार्य गरिसकेको वा गरिरहेको पनि हुन सक्छ । त्यसो भयो भने नयाँ समस्या खोजेर पुन: सुरुबाटै अनुसन्धानको थालनी गर्नुपर्ने हुन्छ । अन्तराललाई न्यूनीकरण गर्न वा पूरै टाल्नका लागि अनुसन्धान गरिन्छ । अन्तराल नै कतै देखिएन भने अनुसन्धान सम्भव हुँदैन (श्रेष्ठ, २०७७, पृ.९)। यसरी अनुसन्धान ठुलो हेस् वा सानो अन्तरालको पहिचान नगरी अनुसन्धान कार्यको थालनी नै गर्न सकिँदैन । विचार गरेर हेर्दा शरीरमा प्राण र अनुसन्धानमा अन्तराल उस्तै देखिन्छ । यसबाट अनुसन्धानमा अन्तरालको महत्त्व कति छ भन्ने कुरा स्पष्ट हुन्छ ।

**शोध अन्तराल पहिचान गर्ने आधारहरू**

सर्वप्रथम अध्ययनको **शीर्षक** नै अन्तराल पहिचान गर्ने मुख्य आधार हो । त्यस्तो शीर्षकमा अनुसन्धान गर्न सकिन्छ जसका बारेमा पहिले कसैले पनि अध्ययन गरेको नहोस् । यसै अर्थमा शीर्षक नयाँ, विशिष्ट र समस्यामूलक हुनुपर्छ भनिएको हो । कतिपय अवस्थामा शीर्षक दोहोरिँदैमा अन्तराल छैन भन्न मिल्दैन । जस्तै 'शास्त्री प्रथम वर्षका विद्यार्थीले गर्ने त्रुटि विश्लेषण' यही एउटै शीर्षकमा धरान, दाङ र महेन्द्रनगरमा छुट्टाछुट्टै तीनवटा अध्ययन पत्र तयार गर्न सकिन्छ । किनकि विद्यार्थीको भाषिक प्रयोगमा स्थानीयताको प्रभाव रहन्छ नै । शिक्षाशास्त्र सङ्कायतिरका शोधपत्रहरूमा त्रुटि, व्यतिरेक, लेखन क्षमता, पठन क्षमता जस्ता विषयका शीर्षकहरूमा प्रत्येक वर्ष शोधपत्र तयार भइरहेका हुन्छन् । यस्ता एउटै शीर्षकका लेख त झन धेरै देखिन्छन् । यस्तो अवस्थामा भिन्न भौगोलिक क्षेत्रको जनसङ्ख्याबाट नमुना छनोट गरी त्यसैलाई शोध अन्तराल मानेर अध्ययन कार्य गर्न सकिन्छ ।

**समस्याको विशिष्टता** वा विषय क्षेत्रको विशिष्टताका आधारमा पनि अन्तराल पहिचान गर्न सकिन्छ । जस्तै *देवकोटाका कवितामा मानवता* शीर्षकमा अध्ययन भएको देखिन्छ भने *देवकोटाका कवितामा विद्रोहचेत*लाई अन्तराल मानेर अध्ययन कार्य गर्न सकिन्छ । त्यसै गरी *भाषा प्रयोगमा वर्णविन्यासगत त्रुटिहरूको अध्ययन* शीर्षकमा पञ्चम वर्णको प्रयोगलाई मात्र क्षेत्र निर्धारण गरेर अध्ययन कार्य सम्पन्न गरेको देखिन्छ भने अन्य क्षेत्र जस्तै श ष स, य व, क्ष छे आदिलाई अन्तराल मानेर अध्ययन गर्न सकिन्छ ।

**समयको अन्तराल** पनि शोध अन्तराल पहिचान गर्ने अर्को आधार हुन सक्छ । कुनै विषयमा बिस वर्ष पहिले गरिएको अध्ययनमा विभिन्न परिस्थितिमा फेरबदल भइसकेको हुन सक्छ र त्यसलाई पुनर्मूल्याङ्कन गरी समयसापेक्ष बनाउनुपर्ने परिस्थिति देखिएमा यसैलाई अन्तरालका रूपमा लिएर पुन: अध्ययन गर्न पनि सकिन्छ ।

**समस्या कथन वा शोधप्रश्न**का आधारमा पनि शोध अन्तराल पहिचान गर्न सकिने देखिन्छ । पूर्ववर्ती अध्ययनमा कुन कुन कुरालाई समस्या वा प्रश्नका रूपमा प्रस्तुत गरिएको छ तीभन्दा भिन्न कुराका आधारमा पनि समस्या देखिन्छ भने त्यसैलाई अन्तराल मानेर पनि अध्ययन गर्न सकिन्छ । जस्तै *हैमप्रभा पत्रिकामा प्रकाशित लेखहरूमा के कस्ता विषयवस्तु प्रस्तुत भएका छन्* भन्ने समस्या कथनमा अध्ययन भइसकेको छ भने *हैमप्रभा पत्रिकामा प्रकाशित लेखहरूमा के कस्ता संरचनात्मक विशेषताहरू पाइन्छन्* भन्ने समस्या निर्माण गरी यसैका आधारमा अध्ययन गर्न सकिन्छ । यसै गरी कतिपय अवस्थामा पूर्वअध्ययनका सन्दर्भ कृतिसूची हेरेर पनि शोध अन्तराल पहिचान गर्ने स्थिति बन्न सक्छ । यसरी शोध अन्तरालका विभिन्न स्रोत सन्दर्भहरू हुन सक्छन् तापनि मुख्य आधार चाहिँ पूर्वकार्यको अध्ययन नै हो ।

**अनुसन्धानात्मक लेखमा अन्तराल राख्ने सन्दर्भ**

थोरै समयमा तयार गरिने र सानो आयामको भए पनि अनुसन्धानात्मक लेखका लागि अन्य ठुला अनुसन्धानका जस्तै प्रक्रिया विधिहरू अवलम्बन गरिन्छ । शोध पूर्वकार्यको अध्ययन गरेर अन्तरालको पहिचान नगरी अनुसन्धानात्मक लेख लेख्ने कार्यको थालनी पनि हुन सक्दैन । यसरी पूर्वकार्यको अध्ययन र अन्तरालको पहिचान लेख लेखनको पनि मुख्य आधार हो भने पूर्वकार्यको अध्ययन अन्तरालको मुख्य आधार वा मार्गचित्र हो । तर अनुसन्धानात्मक लेखका प्रमुख अङ्ग वा तत्त्वका रूपमा - शीर्षक, सार, शब्दकुञ्जी, विषय परिचय, अध्ययन विधि, सैद्धान्तिक आधार, विषय विश्लेषण, निष्कर्ष र सन्दर्भसूची मात्र उल्लेख गरेको पाइन्छ भने पूर्वकार्यको समीक्षा र अन्तराललाई उल्लेख गर्नुपर्छ भन्ने बारेमा केही भनिएको पाइँदैन । आजभोलि कतै कतै विषय परिचयभित्र भए पनि पूर्वकार्यलाई सङ्क्षेपमा उल्लेख गर्नुपर्ने कुरा प्रस्तुत गरेको पाइन्छ ।

एउटा सामान्य (ठुला अनुसन्धानको तुलनामा) लेखका लागि सम्बद्ध विषय क्षेत्रको शीर्षकमा कसैले गरेको छ कि छैन वा गरिरहेको पो छ कि भनेर पत्ता लगाउने कार्य चुनौतीपूर्ण नै हुन्छ । लामो समय लगाएर अध्ययन गरिने ठुला अनुसन्धानमा र सीमित समयमा अनि सीमित स्रोत साधनका आधारमा अध्ययन गरी तयार पारिने अनुसन्धानात्मक लेखमा पूर्वकार्यको समीक्षासहित शोध अन्तराल प्रस्तुत गर्नु निश्चय नै फरक परिस्थिति हो । किनकि पूर्वकार्य समीक्षाको निष्कर्षसहितको विवरण प्रस्तुत नगरी अन्तराल मात्र प्रस्तुत गर्नु औचित्यपूर्ण हुँदैन । माथिल्लो तहका औपचारिक रूपमै दर्ता गरेर सम्पन्न गरिने अनुसन्धानमा पूर्वकार्यको अध्ययनका लागि जति ठाउँमा पुगिन्छ, समय र अर्थ जति खर्च हुन्छ, एउटा अनुसन्धानात्मक लेखका लागि यति गर्न कति सम्भव होला ? यो विचारणीय पक्ष हो । भन्न त डिजिटलको युग हो विद्युतीय उपकरणको सहायताले खोज्न सकिहालिन्छ नि भन्न सकिन्छ, तर हाम्रो जस्तो विविध भौगोलिक अवस्था भएको देशमा सबै अध्ययन कार्यहरू डिजिटिलाइजेसन भइसकेका छन् भन्न सकिँदैन ।

जे होस् शोध अन्तरालको पहिचान नभई अनुसन्धान कार्य सुरु नै गर्न सकिँदैन भने पूर्वकार्यको अध्ययन नगरी शोध अन्तरालको पहिचान नै हुन सक्दैन । त्यसैले जुनसुकै प्रकारको अनुसन्धान कार्यमा यी दुबै अत्यावश्यक आधारभूत तत्त्व हुन् भन्ने कुरा स्पष्ट हुन्छ । माथिल्ला तहका अध्ययनपत्र, शोधपत्र र शोधप्रबन्धमा पूर्वकार्यको समीक्षा प्रस्तुत गर्नैपर्ने व्यवस्था भएको हुनाले शोध अन्तराल प्रस्तुत गर्न समस्या भएन तर लेख सानो र छोटो आयाममा हुने भएको हुनाले पूर्वकार्यको समीक्षा प्रस्तुत गर्दा विषय विश्लेषणका लागि आवश्यक ठाउँको कमी हुन सक्छ । अर्थात् आवश्यकताअनुसार मुख्य विषयको विश्लेषण हुन पाएन भने त्यस्तो लेख एक प्रकारको कर्मकाण्डजस्तो मात्र हुन सक्छ । पूर्वकार्यको समीक्षा र शोध अन्तराल उल्लेख नगरी अहिलेसम्म अनुसन्धानात्मक भनेर प्रकाशित भएका लेखहरू साधारण मात्रै हुन् त भन्ने जिज्ञासा पनि उत्पन्न हुन्छ । यहाँनेर विचारणीय पक्ष के छ भने अनुसन्धानात्मक लेखको शीर्षक नयाँ हुनुपर्छ, विशिष्ट हुनुपर्छ र समस्यामूलक हुनुपर्छ भनिसकेपछि समस्यामूलक नयाँ शीर्षकबाटै पनि अन्तरालको सङ्केत पाइन्छ । किनकि धेरै हेरेर र अध्ययन गरेर मात्र शीर्षक छनोट गरिएको हुन्छ । शब्दमै व्यक्त नगरेर पनि कतिपय सङ्केतहरू बुझिन्छन् त्यसैअनुसार व्यवहृत पनि भइरहेका हुन्छन् । माथि उल्लेख गरिएका कुनै पनि विद्वान्ले लेखमा पूर्वकार्यको समीक्षा र शोध अन्तराल राख्नैपर्ने कुरा उल्लेख गरेका छैनन् । पूर्वकार्यको समीक्षा प्रस्तुत नगरी शोध अन्तराल देखाउनै मिल्दैन । एउटा सानो लेखमा कतिवटा पूर्वकार्यको समीक्षा राख्न सम्भव हुन्छ होला । त्यसैले अरूले गरेका कार्यको भेटेजति अध्ययन गर्ने, यस विषयमा कसैले गरेका छैनन् भन्ने एकीन गर्ने र समस्या व्यक्त भएको नयाँ शीर्षक निर्धारण गरेर लेख लेख्न सकिने अहिलेसम्मका धेरैजसो मान्यता र तिनको प्रयोगबाट स्पष्ट

हुन्छ । धेरै कुराहरू एकातिर लेखकको अध्ययन क्षमता उसको लेखनधर्मितामा भर पर्दछन् भने अर्कातिर पाठकको बोध तथा विश्लेषण क्षमतामा भर पर्ने हुन्छ । ठुला अनुसन्धानमा अध्ययन गरेका सम्बद्ध सामग्रीहरू राख्नैपर्ने हुन्छ र त्यसका लागि पर्याप्त ठाउँ पनि रहन्छ तर एउटा लेखमा अध्ययन गरिएजति सबै सामग्री लिपिबद्ध गर्न सम्भव हुँदैन त्यसैले पूर्वकार्यको अध्ययनलाई प्रस्तुत गर्नुपर्ने अङ्ग वा तत्त्व मानिएको छैन । परिवर्तित सन्दर्भमा पाँच हजार शब्दसम्मको लेखमा एक अनुच्छेदसम्म पूर्वकार्यको विवरण दिएर शोध अन्तराल देखाउँदा उपयुक्त नै हुन्छ । जे होस् पछिल्लो समयका चर्चा परिचर्चाले साना ठुला सबै प्रकारका अनुसन्धानमा शोध अन्तराल प्रस्तुत गर्नैपर्ने परिस्थिति उत्पन्न भइसकेको मान्न सकिन्छ ।

## निष्कर्ष

अनुसन्धानात्मक लेखमा विषय शीर्षक, सार, परिचय, उद्देश्य, विधि, सिद्धान्त, विश्लेषण र निष्कर्ष शाब्दिक रूपमा व्यक्त हुने तत्त्व हुन् भने कतिपय लेखमा पूर्वकार्यलाई पनि शाब्दिक रूपमै सङ्केत गरेको पाइन्छ, तर शोध अन्तराल शाब्दिक रूपमा व्यक्त नगरिए पनि सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो भन्ने कुरा स्पष्ट हुन्छ । शोध अन्तरालका सन्दर्भमा हालसम्म प्रकाशित अनुसन्धान विधिका पुस्तकहरू, अनुसन्धानात्मक लेखको मान्यतासम्बन्धी अवधारणा र प्रकाशित लेखहरू हेर्दा लघु अनुसन्धानमा राख्नुपर्छ भन्ने आवाज मुखरित भइरहेको बुझिन्छ भने ठुला अनुसन्धानका शोधप्रबन्धहरूमा पाठभित्रै एकदुई वाक्यमा राख्ने गरेको पाइन्छ । पहिलेको भन्दा भिन्न हुनु, नयाँ र विशिष्ट हुनु अन्तर हो भने यही अन्तरमा रिक्ततालाई पहिचान गरेर सानाठुला सबै प्रकारका अनुसन्धान अगाडि बढाइन्छ । अन्तराल शीर्षक र पूर्वकार्यसँग सम्बन्धित हुने भएकाले तीनचार हजार शब्दमा तयार गरिने लेखमा पूर्वकार्यको समीक्षात्मक विवरण प्रस्तुत गर्न त्यति सहज नहुने देखिन्छ । प्रस्तुत गरिहाले पनि मुख्य विषयको प्रस्तुति कम अरू सैद्धान्तिक कुरा बढी हुनाले पाठकका लागि प्रभावहीन लाग्न सक्छ । कतिपय अवस्थामा एउटै र उस्तै शीर्षकमा धेरै ठाउँमा धेरै प्रकारका लेख पाइन सक्ने सम्भावना रहेको हुनाले ती सबैको अध्ययन गरी अन्तराल पहिचान गर्ने कार्य आफैमा चुनौतीपूर्ण नै हुन्छ । यसरी समस्याजन्य र चुनौतीपूर्ण भए पनि धेरै परिश्रम, धेरै ठाउँको अवलोकन भ्रमण र अधिक आर्थिक व्यय सहेरै भए पनि आगामी दिनमा प्रकाशन गरिने अनुसन्धानात्मक लेखमा पूर्वकार्यको समीक्षासहित शोध अन्तराल पनि शाब्दिक रूपमा नै समावेश गरी लेखलाई अझ बढी व्यवस्थित, प्रविधियुक्त र अनुसन्धेय बनाउने दायित्व थपिएको मानेर यसतर्फ अग्रसर हुनुपर्ने देखिन्छ । पछिल्लो परिवर्तित सन्दर्भमा शोधपत्र र शोधप्रबन्धका लागि गरिने अनुसन्धानमा पूर्वकार्यको समीक्षा उल्लेख गर्नैपर्ने भएको हुनाले शोध अन्तराल उल्लेख गर्न कुनै समस्यै भएन, त्यसै गरी लेखमा पनि पाँच हजार शब्दसम्म वा त्यसभन्दा माथिको सीमा तोकेर पूर्वकार्यको सङ्क्षिप्त विवरण राखी अन्तरालको पनि सङ्केत गर्दा नै सामयिक हुने देखिन्छ ।

## कृतज्ञता ज्ञापन

अन्त्यमा लेख तयार पार्ने क्रममा उपयोग गरिएका कृतिका विद्वान् अग्रज तथा लेखहरू तथा यस लेखको अध्ययन गरी परिमार्जनका लागि उपयुक्त सुझाब दिनुहुने विषयविज्ञप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

## सन्दर्भ कृतिसूची

अधिकारी, जीवन र तिवारी, प्रकाश (२०८१). *अनुसन्धानपद्धति:,* श्रीमती सङ्गीता-भण्डारी ।

आचार्य, बाबुराम (२०७९). *अनुसन्धानात्मक लेख, समालोचना र कृति परिचय,* भुँडीपुराण प्रकाशन।

आचार्य, बाबुराम (२०८१ फागुन १६). *शोध समस्याको निर्धारण/प्रतिपादन*, लुम्बिनी बौद्ध विश्वविद्यालयद्वारा (दाङमा) आयोजित अनुसन्धान गोष्ठीमा प्रस्तुत अवधारणा पत्र।

आचार्य, बाबुराम (२०८२ माघ १३). *अनुसन्धानात्मक लेख लेखन प्रक्रिया,* जनता विद्यापीठ अनुसन्धान व्यवस्थापन एकाइद्वारा आयोजित अनुसन्धान गोष्ठीमा प्रस्तुत अवधारणा पत्र।

खनाल, पेशल (२०७२). *शैक्षिक अनुसन्धान पद्धति*, सन लाइट पब्लिकेसन।

घोडासैनी, खगेन्द्र (२०७७). विज्ञसमीक्षित लेखको आधारभूत ढाँचा. *सारस्वतप्रभा.* अङ्क ३ (पृ.१८-३०)।

दहाल, दुर्गा र निरौला, कृष्णप्रसाद (२०७५). *अनुसन्धान विधि,* एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स।

नेपाल, देवी (२०७८ श्रावण २३). *अनुसन्धानमूलक लेख के हो र कसरी लेखिन्छ ?* https://sahityapost.com/top-news/47412/

पराजुली, जगतप्रसाद (२०७८). प्राज्ञिक लेखनमा विज्ञ समीक्षाको महत्त्व, *हिस्टोरिकल जर्नल* (पृ. ४६-५६ )।

पाण्डेय, ताराकान्त (२०७६). अनुसन्धानमूलक लेखको संरचना, *प्रज्ञा* २ (११८), नेपाल प्रज्ञा-प्रतिष्ठान (पृ.१-१२ ) ।

पोखरेल, माधव (२०७३). संस्कृत वाङ्मयको शोधविधि, *अनुसन्धान-प्रकाश,* नेसंवि. अनुसन्धान केन्द्र, वर्ष ९, पूर्णाङ्क ४ (पृ.१२१-१२९)।

पौडेल, सुधन (२०७३). शोधप्रस्ताव लेखन र पूर्वकार्य समीक्षा, *अनुसन्धान-प्रकाश,* नेसंवि. अनुसन्धान केन्द्र, वर्ष ९, पूर्णाङ्क ४ (पृ.१३०-१४८)।

भुसाल, केशव (सन २०२४). प्राज्ञिक लेखनको सैद्धान्तिक अवधारणा, *जनज्योति जर्नल भोलुम २*।

मल्ल, कमलप्रकाश (२०६०). अनुसन्धान-प्रतिवेदनको संरचना र शैली' *अनुसन्धान विधिका केही पक्ष,* नेपाल प्रज्ञाप्रतिष्ठान (पृ.७७-८२ )।

लम्साल, तिलक (सन् २०२३). प्राज्ञिक लेखनका अभिलक्षण र तत्त्वहरू,
**https://doi.org/10.3126/rupantaran.v7i1.52322**

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७५). *अनुसन्धान विधि*. सनलाइट पब्लिकेसन।

श्रेष्ठ, दयाराम (२०७७). *साहित्यको अनुसन्धान व्यवस्थापन* (*अनुसन्धान दर्शन*), शिखा बुक्स।